# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, वैशाख १ गते २०३६ साल [ अतिरिक्ताङ्क ३


# शाही–सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विक्रम सम्वत् २०३६ साल वैशाख १ गते नव वर्षको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश।

प्यारा देशवासीहरू,

१. आजदेखि विक्रम सम्वत् २०३६ शुरू हुँदैछ। नयाँ वर्षको यस शुभघडीमा स्वदेश वा विदेशमा रहने सम्पूर्ण नेपालीहरूको सुख, शान्ति र समुन्नतिको लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ।

२. केही वर्ष यता हाम्रो मुलुकले अनेक बाधाहरूलाई पार गर्दै नेपाली जनताको आकांक्षानुसार देशको चौतर्फी विकासको बाटोमा केही ठोस पाइलाहरू चाल्दै आएको छ। यस क्रममा नेपाली मात्रमा जाग्रत भएको राष्ट्रियताको भावनालाई ठोसरूपमा चरितार्थ गर्नु पर्छ भन्ने कुरा प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले समस्त नेपालीहरूलाई पथप्रदर्शन गर्दै आएको छ। वास्तवमा, हाम्रो दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले नेपाल र नेपालीको हितको निम्ति केही आधारभूत मान्यताहरूमा जोड दिंदै आएको छ। ती हुन्– (१) राष्ट्रियताको संरक्षण र सम्वर्द्धन (२) स्वदेशमै जन्मी हुर्केको पञ्चायती प्रजातन्त्रको विस्तार र (३) नेपाली जनताको सर्वाङ्गीण विकास।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. यही नीतिको फलस्वरूप एकातिर आज मुलुकभर विद्यमान वैचारिक अनेकताको ठाउँमा राष्ट्रिय एकताको भावना आएको छ भने अर्कोतिर आर्थिक र सामाजिक क्षेत्रमा प्रत्येक नेपालीले आत्मविकास गर्ने समान सुविधा र अवसर पाउनु पर्छ भन्ने धारणालाई सफल गर्ने प्रयास हुँदै आएको छ। यसका साथै नेपालले आफ्नो देशभित्र आफ्नो विचार, आफ्नो बोली र आफ्नै मुद्राको प्रचलन गरी एक स्वतन्त्र राष्ट्र सुहाउँदो आफ्नै अस्तित्व कायम गर्दै लान सकेको छ। संक्षेपमा, दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाले भावनागत राष्ट्रियतालाई आर्थिक विकास र एक न्यायपूर्ण वितरण प्रणालीको सूत्रमा गाँसेर एक अर्थपूर्ण रूप दिने अठोट गरेको छ। फलत: एकातिर देशको उत्तरी हिमाली पाखा दक्षिणको समथल भूमिसित जोडिन पुगेको छ भने अर्कोतिर पूर्वको मेची पश्चिमको महाकालीसित एउटै देश र एउटै नेपाली मात्रको राष्ट्रिय भावनामा आबद्ध हुन पुगेको छ।

४. पञ्चायती व्यवस्था एउटा गतिशील प्रजातान्त्रिक व्यवस्था भएकोले देशको हित र जनआकांक्षा अनुरूप नै यस व्यवस्थाको सञ्चालन हुनेछ। हाम्रो संविधानले स्वतन्त्र विधायिका, न्यायपालिका र कार्यपालिकाको व्यवस्था गर्दै एक अर्काका बीच सन्तुलन र नियन्त्रण मात्र कायम गरेको छैन बरू उनीहरूबाट प्रजातन्त्रका सर्वमान्य आदर्शलाई व्यावहारिक रूपमा समेत प्रस्तुत गरेको छ। त्यसमाथि नेपालका हजारौं गाउँ, अनेकौं जिल्ला र अञ्चलदेखि राष्ट्रिय तहसम्म प्रत्येक नेपालीले मुलुकको शासन व्यवस्थामा संलग्न भई आफ्नो भाग्य आफैले बनाउने प्रजातान्त्रिक परिपाटी अपनाएको कुरा स्पष्ट छ।

५. आज देशमा दरिद्रता र अभावले गर्दा अनेक समस्या विद्यमान छन्। सयौं वर्षसम्म मध्यकालीन अवस्थामा रहेको हाम्रो मुलुकमा यताको केही दशकभित्र मात्र आर्थिक विकासका पूर्वाधारहरू तयार पार्न थालिएको हो। जनसंख्याको बढ्दो चाप, ज्ञान र सीपको कमी, भौगोलिक कठिनाइ र बेलाबखतका बाधा व्यवधानहरूको बावजूद पनि हामीले केही हदसम्म विकासको प्रारूप तयार पार्न नसकेका होइनौं। हामीलाई विश्वास छ, शान्तिक्षेत्रको आकांक्षा राख्ने हाम्रो देशमा शान्तिको वातावरण कायम गर्दै सबै देशवासीहरूले एकाग्र चित्तले विकासकै बाटोमा संलग्न हुन सकेमा हाम्रो मुलुकमा समुन्नत भविष्यको उज्यालो क्षितिज अवश्य नै उघ्रनेछ।

६. विकासको हाम्रो तात्पर्य भौतिक उपलब्धि मात्र होइन, हामीले खोजेको विकास मानिसको सम्पूर्ण आध्यात्मिक, बौद्धिक, सांस्कृतिक एवं भौतिक विकाससित अपरिहार्य रूपमा सम्बन्ध राख्दछ र नेपाल र नेपालीको सर्वोत्तम हितमा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले राष्ट्रिय भावनाको जगेर्ना गर्दै प्रजातान्त्रिक मर्यादालाई सधैं अक्षुण्ण राखी सम्पूर्ण नेपालीको सर्वाङ्गीण विकास गर्ने अठोट लिएको छ। अन्तमा, व्यवस्थाको यस्तो उदात्त र गतिशील परिप्रेक्षमा नव वर्षको यस शुभदिनले समस्त देशवासीहरूमा आपसी रागद्वेष र मनोमालिन्यलाई छोडी आफ्नो देश र व्यवस्थाको उच्च लक्ष्यप्राप्तिका निम्ति समर्पित हुन प्रेरणा देओस्—यही हाम्रो शुभकामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

११०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।